नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# नापी विभाग

प्रशासन
(.................................. शाखा)

फोन नं.: ४१०२३६४, ४१०६८४२, ४१०६४०८, ४१०६८६३
फ्याक्स नं.: ४१०६०४७
टोल फ्रि नं.: १६६००१७५८८८
ईमेल: info@dos.gov.np

मिनभवन
काठमाडौं, नेपाल

२०८२/८३/१/१२

पत्र संख्या :-
प्राप्त पत्र संख्या:- ..............
च.नं. 26

मिति : २०८२/०४/०७
नेपाल संवत् ११४५

विषय :- आ.व.२०८१/८२ को सम्पत्ति विवरण सम्बन्धमा ।

श्री महाशाखा, सबै ।
श्री नापी कार्यालयहरु, सबै ।
श्री विशेष नापी कार्यालयहरु, सबै ।
श्री डिजिटल नापी कार्यालय, बनेपा ।

प्रस्तुत विषयमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको प.सं.१.१./प्र/२०८१/८२/१(१)३, च.नं. रा/३, मिति २०८२/०४/०४ को पत्रसाथ प्राप्त राष्ट्रिय सतर्कता केन्द्र, सिंहदरबार, काठमाण्डौंको प.सं.२०८१/८२, च.नं.११०००००३५, मिति २०८२/०३/३१ को पत्रको छायाँ प्रति पाना ४ यसै पत्रसाथ संलग्न राखी पठाईएको छ । व्यहोरा उक्त पत्रबाट अवगत गर्नु भई कार्यान्वयन गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

(अनन्तराज लामिछाने)
शाखा अधिकृत

बोधार्थ

श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार, काठमाण्डौं ।
श्री राष्ट्रिय सतर्कता केन्द्र, सिंहदरबार, काठमाण्डौं ।
श्री योजना तथा जग्गा प्रशासन शाखा : MIS Unit, नापी विभाग ।
श्री सूचना प्रविधि तथा यन्त्र उपकरण शाखा, नापी विभाग : Website मा प्रविष्ट गरिदिनुहुन ।

फोन नं. ४२११६६६
४२११६३९
४२११८८२
४२११८८६
४२००२३९
४२११६६४
फ्याक्स: ४२३२२६२
४२११६४५
सिंहदरबार, काठमाडौं

नेपाल सरकार
# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
(प्रशासन शाखा)

पत्र संख्या:- १.१./प्र/२०८१/८२/१(१)२
चलानी नं.- ८१/३

मितिः- २०८२/४/४
नेपाल संवत् ११४५

विषयः- आ.व.२०८१/०८२ को सम्पत्ति विवरण भरी/भराई अनलाईन प्रविष्ट समेत गर्ने सम्बन्धमा ।

श्री भूमि समस्या समाधान आयोग, ताहाचल, काठमाडौं।
श्री समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय, बुद्धनगर, काठमाडौं।
श्री गुठी संस्थान, प्रधान कार्यालय, त्रिपुरेश्वर, काठमाडौं।
श्री राष्ट्रिय सहकारी नियमन प्राधिकरण हरिहरभवन, पुल्चोक, ललितपुर।
श्री भूमि व्यवस्थापन तथा अभिलेख विभाग, बबरमहल, काठमाडौं।
श्री नापी विभाग, मिनभवन, काठमाडौं।
श्री सहकारी विभाग, नयाँबानेश्वर, काठमाडौं।
श्री भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र, धुलिखेल, काभ्रेपलाञ्चोक।
श्री सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र, नयाँबानेश्वर, काठमाडौं।
श्री कर्जा असुली न्यायाधिकरण, नयाँबानेश्वर, काठमाडौं।
श्री साझा प्रकाशन सहकारी संस्था लि.पुल्चोक, ललितपुर।
श्री साझा भण्डार सहकारी संस्था लि. भोटाहिटी, काठमाडौं।
श्री साझा यातायात सहकारी संस्था लि. पुल्चोक, ललितपुर।
श्री साझा सेवा सहकारी संस्था लि. बल्खु, काठमाडौं।
श्री साझा स्वास्थ्य सेवा सहकारी संस्था लि. चावहिल, काठमाडौं।

नापी विभाग
GIOMS दर्ता नं.: 610
प्राप्त मितिः 2082/04/06

प्रस्तुत विषयमा श्री राष्ट्रिय सतर्कता केन्द्र, (सम्पत्ति विवरण तथा अनुगमन शाखा) सिंहदरवारको प.स. २०८१/०८२ च.नं. ११०००००३५ मिति २०८२/०३/३१ को पत्रको सन्दर्भमा आ.व. २०८१/०८२ को सम्पत्ति विवरण भर्ने भराउने बर्तमान कानूनी व्यवस्था भए अनुसार तहाँ आयोग/संस्थान/विभाग/केन्द्र/कार्यालयमा कार्यरत पदाधिकारी/कर्मचारी (निजामती र स्थायी शिक्षक बाहेकका) हरुले पेश गरे नगरेको तथ्याङ्क www.nvc.gov.np हरेक आ.ब. सुरु भएको ६० दिनभित्र पेश गर्ने सम्पत्ति विवरण, नयाँ नियुक्ति भएको ६० दिनभित्र पेश गर्ने सम्पत्ति विवरण अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट ५ हजार जरिवानाको लागि लेखी आएपछि जरिवाना तिरी पेश हुने सम्पत्ति विवरण लगायतको तथ्याङ्क अनलाईन सफ्टवेरमा प्रविष्ट गर्नुपर्ने व्यवस्था भएकाले तहाँ निकायको सो बमोजिमको विवरण तोकिएको ढाँचामा भरी यस मन्त्रालयमा मिति २०८२/५/७ गतेसम्म प्राप्त हुने गरी पठाईदिन हुन आदेशानुसार अनुरोध छ। साथै उल्लिखित प्रयोजनका लागि यस मन्त्रालयवाट सम्पर्क अधिकृतमा तपसील बमोजिका कर्मचारीलाई तोकिएको व्यहोरा समेत अनुरोध छ।

तपसील:-

| सि.नं. | पद | नाम/थर | कार्यालय | मोवाईल नं. |
|---|---|---|---|---|
| १ | शाखा अधिकृत | सुरज तिम्सिना | भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालय | ९८४२६३९१७२ |

(सुरज तिम्सिना)

बोधार्थ:-
श्री राष्ट्रिय सतर्कता केन्द्र,

प्र.आ.ग.म १३
४।२

नि.द.त ११
४।१

नेपाल सरकार
# राष्ट्रिय सतर्कता केन्द्र
(सम्पत्ति विवरण तथा अनुगमन शाखा)

फोन नं. ४२००-४४१, ४२००-४९२
हटलाइन : ४२००-३४४
फ्याक्स : ४२००४००
इमेल : nvcsampati@gmail.com
वेवपेज : www.nvc.gov.np

गोप्य अत्यन्त जरुरी

प.सं. : २०८१/०८२

च.नं. : ११०००००३५

☑ प्रशासन, सहसचिव ०८२।०३।३१
☐ भूमि व्यवस्थापन महाशाखा
☐ योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा

दर्ता नं. ३८
मिति: २०८२/०४/०१

विषयः- सम्पत्ति विवरण भरी/भराई अनलाईन प्रविष्ट समेत गर्ने सम्बन्धमा।

श्री मन्त्रालय/ आयोग /सचिवालय/ कार्यालय (सबै)।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) मा सो ऐनको "दफा २ को खण्ड (ग) को उपखण्ड (१), (२), (३), (४), (५), (६) वा (९) बमोजिमका सार्वजनिक संस्थाको कुनै पदमा बहाल रहेका व्यक्ति वा सोही दफाको खण्ड (घ) को उपखण्ड (१), (२), (३) वा (४) बमोजिमका राष्ट्रसेवकले त्यस्तो पद धारण गरेको मितिले र यो दफा प्रारम्भ हुँदाका बखत सार्वजनिक पदमा बहाल रहेका व्यक्तिले यो ऐन प्रारम्भ भएको मितिले साठी दिनभित्र, हरेक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र र ऐनको दफा ५० को उपदफा (२ क) मा व्यवस्था भएबमोजिमका कारणले विदामा बसी वा काज खटिई उक्त विदा वा काज समाप्त भई सम्बन्धित कार्यालयमा हाजिर हुनु पर्ने मितिले ३० दिन भित्र आफ्नो र आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकाय वा अधिकारी समक्ष पेश गर्नुपर्नेछ" भन्ने व्यवस्था गरेको छ। साथै, भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३८ (ग) मा "सार्वजनिक पदधारण गरेका व्यक्तिले प्रचलित कानुन बमोजिम दिईएको सम्पत्ति विवरण र आयको अनुगमन गर्ने" कार्य राष्ट्रिय सतर्कता केन्द्रलाई प्रदान गरेको छ। प्रस्तुत व्यवस्थाहरू अनुरूप केन्द्रबाट हरेक आ.व. मा सार्वजनिक पदधारण गरेका व्यक्ति तथा राष्ट्रसेवकले सम्पत्ति विवरण पेश गरे नगरेको विषयमा तथ्याङ्क संकलन गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (३) एवं राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५ को नियम ९ र १० बमोजिम कारवाहीका लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पठाइने गरिएको छ।

प्रस्तुत विषयमा अघिल्ला आर्थिक वर्षहरूमाझै चालु आ.व.मा समेत तहाँ मन्त्रालय/निकाय, अन्तर्गतका कार्यालय एवं सार्वजनिक संस्थानहरूमा कार्यरत व्यक्ति तथा राष्ट्रसेवक (निजामती, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र राष्ट्रिय अनुसन्धान विभाग समेत र स्थायी शिक्षक बाहेक) ले प्रचलित कानुन बमोजिम सम्पत्ति विवरण पेश गरे नगरेको सम्बन्धी तथ्याङ्क प्रविष्टि गर्न केन्द्रद्वारा अनलाइन सफ्टवेयर सञ्चालन गरिएको छ। सार्वजनिक पदधारण गरेको व्यक्ति तथा राष्ट्रसेवकले बुझाउनुपर्ने देहाय अनुसारका सम्पत्ति विवरणहरु सम्बन्धित व्यक्ति तथा राष्ट्रसेवकबाट भराई सो सम्बन्धी तथ्याङ्क अनिवार्य रुपमा केन्द्रद्वारा सञ्चालित अनलाइन सफ्टवेयरको देहाय बमोजिमको सम्बन्धित महलमा गई प्रविष्ट गर्ने/गराउने व्यवस्था हुन निर्देशानुसार

नेपाल सरकार
राष्ट्रिय सतर्कता केन्द्र
(सम्पत्ति विवरण तथा अनुगमन शाखा)

फोन नं. ४२००-५४९, ४२००-४१२
हटलाइन : ४२००-३४५
फ्याक्स : ४२००४००
इमेल : nvcsampati@gmail.com
वेबपेज : www.nvc.gov.np

**गोप्य** **अत्यन्त जरुरी**

प.सं. : २०८१/०८२ मिति :- २०८२।०३।३१

च.नं. | १ | १ | ० | ० | ० | ० | ० | ० | ३ | ५ |

(क) प्रत्येक आर्थिक वर्षमा पेश हुने सम्पत्ति विवरण,

(ख) जरिवाना तिरी पेश हुने सम्पत्ति विवरण,

(ग) सुरू नियुक्तिको ६० दिनभित्र पेश गर्नुपर्ने सम्पत्ति विवरण

(घ) ऐनको दफा ५० को उपदफा (२ क) मा व्यवस्था भएबमोजिमका कारणले लामो विदामा बसी वा काज खटिई उक्त विदा वा काज समाप्त भई सम्बन्धित कार्यालयमा हाजिर हुनुपर्ने मितिले ३० दिन भित्र पेश हुने सम्पत्ति विवरण।

माथि उल्लिखित सम्पत्ति विवरणहरू तहाँ मन्त्रालय/निकायले नै आफ्नो र आफू अन्तर्गतका निकायहरू एवं सार्वजनिक संस्थाको कुनै पदमा बहाल रहेका ( निजामती, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र राष्ट्रिय अनुसन्धान विभाग समेत र स्थायी शिक्षक बाहेकका ) व्यक्ति तथा राष्ट्रसेवकहरुले पेश गरे नगरेको तथ्याङ्क केन्द्रलाई उपलब्ध गराउन वेबपेज www.nvc.gov.np मा गई रात आ.व.कै विधि र प्रक्रिया एवं युजर नेम र पासवर्ड प्रयोग गरी केन्द्रको अनलाइन सफ्टवेयरमा प्रविष्ट गर्ने/गराउने व्यवस्था हुन अनुरोध छ। साथै, उल्लिखित प्रयोजनका लागि तहाँ मन्त्रालय/निकायबाट एक जना सम्पर्क अधिकृतको नाम, पद, कार्यालयको नम्बर र अधिकृतको मोबाइल नम्बर समेत उपलब्ध गराई दिने व्यवस्था हुन निर्देशानुसार अनुरोध छ।

साथै, तहाँ मन्त्रालय/निकाय अन्तर्गतका निकायहरू एवं सार्वजनिक संस्थाहरूका कुनै पदमा बहाल रहेका व्यक्ति तथा राष्ट्रसेवकहरुको सम्पत्ती विवरण पेश गर्ने सम्बन्धमा राष्ट्रिय सतर्कता केन्द्र (कार्य संचालन) नियमावली, २०६५ को नियम ९ र १० मा देहाय बमोजिमको व्यवस्था भएको छ ।

१.प्रत्येक सरकारी कार्यालय, सार्वजनिक संस्था वा अन्य निकायले आ-आफ्नो कार्यालय, संस्था वा निकायमा कार्यरत सार्वजनिक पद धारण गरेको व्यक्तिलाई ऐनको दफा ५० बमोजिम तोकिएको म्यादभित्र सम्पत्ति विवरण पेश गर्न लगाउने,

२. मन्त्रालय वा केन्द्रीय स्तर मातहतको सरकारी कार्यालय, सार्वजनिक संस्था वा निकायले ऐनले तोकेको म्याद भित्र सम्पत्ति विवरण पेश गर्ने तथा नगर्ने सार्वजनिक पद धारण गरेको व्यक्तिको नाम पद सहितको विवरण एक महिना भित्र सम्बन्धित मन्त्रालय वा केन्द्रिय स्तरको निकायमा पेश गर्नु पर्ने,

३. सम्बन्धित मन्त्रालय वा केन्द्रीय स्तरको निकायले ऐनले तोकेको म्याद भित्र आफ्नो कार्यालय र मातहतको सरकारी कार्यालय, सार्वजनिक संस्था वा निकायहरुबाट प्राप्त विवरण सो विवरण प्राप्त भएको एक महिना भित्र राष्ट्रिय सर्तकता केन्द्रमा पठाउनु पर्ने।

माथि उल्लेखित कानूनी व्यवस्था बमोजिम सम्बन्धित मन्त्रालय वा केन्द्रीय स्तरको निकायले सम्पत्ति

नेपाल सरकार
# राष्ट्रिय सतर्कता केन्द्र
(सम्पत्ति विवरण तथा अनुगमन शाखा)

फोन नं. ४२००-४४१, ४२००-४१२
हटलाइन : ४२००-३४५
फ्याक्स : ४२००४००
इमेल : nvcsampati@gmail.com
वेबपेज : www.nvc.gov.np

**गोप्य अत्यन्त जरुरी**

प.सं. : २०८१/०८२

मिति :- २०८२।०३।३१

च.नं. | १ | १ | ० | ० | ० | ० | ० | ० | ३ | ५ |

अनुसारको ढाँचामा ( **Soft Copy** र **Hard Copy** सहितको विवरण ) यस केन्द्रमा उपलब्ध गराउने समेत व्यवस्था हुन निर्देशानुसार अनुरोध छ।

निम्न :-

तालिका-१ :

| मन्त्रालय\ निकाय अन्तर्गतका कार्यालय एवं सार्वजनिक संस्थाहरूको नाम | जिल्लाको नाम | आ.व.२०८१/८२ को सम्पत्ति विवरण बुझाउनु पर्ने दायित्व भएका पदाधिकारी/कर्मचारी | | | सुरु नियुक्तिको ६० दिनभित्र पेश भएको सम्पत्ति विवरण | | जरिमाना तिरी पेश भएको सम्पत्ति विवरण | | लामो विदा वा काज समाप्त भई ३० दिन भित्र पेश हुने सम्पत्ति विवरण | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कूल संख्या | बुझाउनेको संख्या | नबुझाउनेको संख्या | बुझाउनेको संख्या | नबुझाउनेको संख्या | बुझाउनेको संख्या | नबुझाउनेको संख्या | बुझाउनेको संख्या | नबुझाउनेको संख्या |
| | | | | | | | | | | |

- क्र.सं.१ मा तहाँ मन्त्रालय र अन्य क्र.सं.हरूमा क्रमश आफू अन्तर्गतका कार्यालयहरू एवं सार्वजनिक संस्थाहरूको नाम राखी तहाँ मन्त्रालय स्वयंले तालिकामा उल्लिखित विवरण भर्ने।

..........................................................................................

तालिका-२ :

तालिका १ मा उल्लिखित सङ्ख्या बमोजिम सम्पत्ति विवरण नबुझाउने कर्मचारी/पदाधिकारीको नामावली

| सं. | संकेत नं. | नाम थर | पद/श्रेणी/तह | कार्यरत कार्यालय | गा.पा./न.पा.\म.नपा. | जिल्ला | प्रदेश | बुझाउनु पर्ने सम्पत्ति विवरणको किसिम (तालिका १ बमोजिम) |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

- आवश्यकतानुसार तालिकामा पङ्क्ति (Row) र स्तम्भ (Column) हरू थपी विवरण भर्ने।
- बुझाउनु पर्ने सम्पत्ति विवरण भन्नाले "हरेक आ.ब.मा पेश गर्नुपर्ने सम्पत्ति विवरण, सुरु नियुक्तिको ६० दिनभित्र पेश गर्नुपर्ने सम्पत्ति विवरण, सम्मानित अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट जरिमानाको लागि लेखी आएपछि पेश हुने सम्पत्ति विवरण र लामो विदामा बसी वा काज खटिई उक्त विदा वा काज समाप्त भइ सम्बन्धित कार्यालयमा हाजिर हुनुपर्ने मितिले ३० दिन भित्र पेश हुने सम्पत्ति विवरण" मध्ये कुन हो, कुनै एक भर्ने।

नेपाल सरकार
# राष्ट्रिय सतर्कता केन्द्र
(सम्पत्ति विवरण तथा अनुगमन शाखा)

फोन नं. ४२००-५४९, ४२००-४१२
हटलाइन : ४२००-३५५
फ्याक्स : ४२००४००
इमेल : nvcsampati@gmail.com
वेबपेज : www.nvc.gov.np

गोप्य अत्यन्त जरुरी

प.सं. : २०८१/०८२
च.नं. | १ | १ | ० | ० | ० | ० | ० | ० | ३ | ५ |

मिति :- २०८२।०३।३१

द्रस्टव्य :- तालिम/अध्ययन विदामा रहेका, निलम्बनमा परेका र आ.ब.२०८१/८२ मा अवकाश भएका वा हुने पदाधिकारी र कर्मचारीहरूको समेत अनिवार्यरूपमा सम्पत्ति विवरण भरी भराई केन्द्रको अनलाइन सफ्टवेयरमा प्रविष्टी गर्नु हुन अनुरोध छ।

.............................

(शारदा चालिसे)
उपसचिव